# कृषि तथा वन विज्ञान विश्वविद्यालय
# उपकुलपतिको कार्यालय
# Agriculture and Forestry University
# Office of Vice Chancellor
Rampur, Chitwan, Nepal

मिति : २०७५/०४/०६

**प्रेस विज्ञप्ति**

राष्ट्रको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रको सर्वाङ्गिण विकास गर्न र कृषिको आधुनिकिकरण गर्दै ग्रामिण जनसमुदायको सामाजिक तथा आर्थिक स्तर उठाउन कृषि, वन, पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान जस्ता क्षेत्रसंग सम्बन्धीत विषयको विषयगत एवं विशिष्टीकृत रुपमा अध्ययन, अध्यापन र अनुसन्धान गराई मुलुक भित्रै उच्च स्तरको प्राज्ञिक तथा शीपयुक्त जनशक्ति उत्पादन गर्न नेपाल सरकारको लगानीमा वि.स. २०६७ मा कृषि तथा वन विज्ञान विश्वविद्यालयको स्थापना भई संचालनमा रहेको सर्वविदितै छ ।

यस विश्वविद्यालयको प्राज्ञिक क्षेत्रको विकास र विस्तार गरी उद्देश्य प्राप्तीका लागी नेपाल सरकारको उच्च शिक्षा सम्बन्धी नीति र कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन, नियम बमोजिम विश्वविद्यालय सभाबाट ११ वटा आंगिक क्याम्पस (कलेज) हरु संचालनमा आउने निर्णय भएकोमा हाल ४ वटा आंगिक क्याम्पस (कलेज) हरु संचालनमा रहेका छन् । त्यस्तै हरेक प्रदेशलाई समेट्ने गरी आगामी वर्षहरुमा अन्य आंगिक क्याम्पस (कलेज) हरु संचालनमा आउने प्रकृयामा छन् । कृषि तथा वन विज्ञान क्षेत्रमा दक्ष जनशक्तिको माग बृद्धि भइरहेको परिप्रेक्ष्यमा कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन २०६७ को दफा १९ बमोजिम निजी क्षेत्रका कुनै क्याम्पस (कलेज) ले सम्बन्धन प्राप्त गरी संचालन हुन चाहेमा विश्वविद्यालयले तोकिएका मापदण्डहरु पुरा गरेका क्याम्पस (कलेज) हरुलाई सम्बन्धन प्रदान गर्न सक्ने व्यवस्था भए अनुरुप यस विश्वविद्यालयको ऐन, नियम र सम्बन्धन प्रदान गर्ने सम्बन्धी निर्देशिका (नीति) बमोजिम २०७२ जेठ २६ गते गोरखापत्रमा सूचना प्रकाशित भई प्रकृयाहरु पुरा गरेका ७ वटा कृषि र १ वटा वन विज्ञान सम्बन्धी क्याम्पस (कलेज) हरुलाई निर्देशिकामा उल्लेखित सर्तहरुका साथै कार्यकारी परिषद्ले तोकेका अन्य सर्तहरु पालना गर्नुपर्ने गरी पारदर्शी रुपमा अस्थायी सम्बन्धन प्रदान गरिएको छ । अस्थायी सम्बन्धन प्राप्त गरेका यी क्याम्पस (कलेज) हरुलाई कक्षा संचालन हुनु अगावै तोकिएका उक्त सर्तहरु पालना गर्नुपर्ने बाध्यकारी व्यवस्था गरिएको छ । यसरी ऐन नियम र निर्देशिकाको अधिनमा रही कानुन सम्मत् रुपमा प्रदान गरिएको अस्थायी सम्बन्धनको विषयलाई लिएर विगत केही दिनदेखी विश्वविद्यालयको केन्द्रीय कार्यालय, सम्बन्धित संकाय र आंगिक कलेजहरुमा विद्यार्थीहरुद्धारा तालाबन्दी एवं धर्ना गरी रहेको अवस्थामा केही शिक्षकहरु समेत धर्नामा संलग्न रहेकोले विश्वविद्यालयको नियमित कार्यक्रमहरु संचालन गर्न सिर्जित असहज परिस्थिति प्रति विश्वविद्यालय प्रशासन गंभिर भएको छ ।

विगत समयमा विभिन्न संघ संगठनद्धारा विविध मागहरु राखि हुने गरेका बन्द, हड्तालका कारण विद्यार्थीहरुको शैक्षिक सत्र तोकिएको अवधीमा पुरा हुन नसकेको गुनासो र चासो विद्यार्थी, अभिभावक, शिक्षाविद् र सरोकारवाला निकायद्धारा व्यक्त भईरहेको सन्दर्भ एकातिर छ भने अर्कोतर्फ नेपाल सरकारको सहयोगमा संचालित LEE/Internship जस्ता कार्यक्रमहरुमा समेत अवरोध आउँदा भविष्यमा यस्ता कार्यक्रमहरुको कार्यान्वयनमा समस्या उत्पन्न हुन सक्ने आम चासो र चिन्ता प्रति विश्वविद्यालय प्रशासन गम्भीर भएको छ । त्यसैले विश्वविद्यालयको ऐन नियमको अधिनमा रही भए गरेका कुनै पनि निर्णय एवं काम कार्वाहीको सम्बन्धमा प्रष्ट हुन नसकेका विषयहरुमा छलफलद्धारा प्रष्ट्याउन सकिने हुँदा विश्वविद्यालय ऐन नियम विपरित बन्द, हड्ताल र धर्ना जस्ता कार्यहरु तत्काल रोकी विश्वविद्यालयका विभिन्न संकाय र आंगिक कलेजहरुका नियमित पठन-पाठन, परीक्षा र प्रशासनिक कार्यहरु सुचारु गर्न सहयोग पुऱ्याउनु हुन सम्पुर्ण सरोकारवालामा कृषि तथा वन विज्ञान विश्वविद्यालय हार्दिक अपिल गर्दछ ।

.............................................

प्रा.डा. ईश्वरी प्रसाद ढकाल<br>
उपकुलपति